# हिम स्टार उर्जा कम्पनी लिमिटेड
# Him Star Urja Company Limited

रजिष्ट्रार कार्यालय : का.म.न.पा. वडा नं. ०७ गौरीघाट, काठमाण्डौ, फोन: ०१-४५९३७३३
इमेल: urjahimstar@gmail.com वेवसाइट: www.urjahimstar.com.np

को

## सातौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ७५(३) बमोजिम प्रकाशित सार्वजनिक सूचना

१. **वैधानिक सभा:** हिम स्टार उर्जा कम्पनी लिमिटेडको मिति २०८२ साल पौष ७ गते (डिसेम्बर २२, २०२५) सोमबार अपरान्ह ५:३० बजे बसेको संचालक समितिको २५५ औं बैठकको निर्णयानुसार बोलाइएको सातौं वार्षिक साधारण सभा कम्पनीका संचालक समितिका अध्यक्ष श्री डा. ध्रुव लाल पाण्डे ज्यूको सभापतित्वमा देहाय विषय उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो।

२. **सभा हुने मिति, स्थान र समय :**
**सभा हुने मिति :** २०८२/०९/२९ (जनवरि १३, २०२६) मंगलबार।
**सभा हुने स्थान :** हिम हाउस ब्याङ्क्वेट, गोकर्णेश्वर नगरपालिका वडा नं. ५, नयाँबस्ती, काठमाण्डौ।
**सभा हुने समय :** बिहान १०:३० मा प्रारम्भ भई अपरान्ह २:४५ मा सम्पन्न भयो।

३. **सभाको सूचना प्रकाशन :** साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितका विवरण खुलाई मिति २०८२/०९/८ गते आर्थिक राष्ट्रिय दैनिकमा र मिति २०८२/०९/१५ गते कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो।

**सभाको वैधानिकता र गणपुरक संख्या:**

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको प्रावधान बमोजिम सातौं वार्षिक साधारण सभामा कुल उपस्थित संख्या ७४१ (प्रोक्सी समेत) र कुल शेयरको ६७.२४९८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा वैधानिक भएको कम्पनी सचिवले जानकारी गराउनु भयो।
कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री डा. ध्रुव लाल पाण्डे ज्यू को सभापतित्वमा बिहान १०:३० बजे साधारण सभा शुरु भयो।
सभामा शेयरधनी महानुभावहरू मध्ये २ जनाले कम्पनीको वार्षिक प्रतिवेदन, लेखापरीक्षण विवरण आदिमा आ-आफ्नो जिज्ञासा, मन्तव्य, धारणा तथा सुझावहरू व्यक्त गर्नु भएको थियो भने शेयरधनी महानुभावहरूले राख्नु भएको जिज्ञासा तथा मन्तव्य प्रति सभाको सभापतित्व गरिरहनु भएका संचालक समितिका अध्यक्षज्यूले जवाफ दिनु भएको थियो।

**सभाको निर्णयहरू :**

साधारण सभाबाट छलफल पश्चात निम्नानुसारका प्रस्तावहरू पारित भयो।

१) साधारण प्रस्ताव अन्तर्गत निर्धारित सूची नं. १ अनुसार संचालक समितिको तर्फबाट सभापतिज्यूले पेश गर्नु भएको अध्यक्षको मन्तव्य सहितको वार्षिक प्रतिवेदन छलफल पश्चात् पारित गर्न सभापतिज्यूले निर्णयार्थ सभामा पेश गर्नु हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो।

२) साधारण प्रस्ताव अन्तर्गत निधारित सूची नं. २ अनुसार लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वासलात तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ततुसम्बन्धी अनुसूचीहरु माथि छलफल पश्चात् पारित गर्न सभापतिज्यूले निर्णयार्थ सभामा पेश गर्नु हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो।

३) साधारण प्रस्ताव अन्तर्गत निर्धारित सूची नं. ३ अनुसार संचालक समितिको सिफारिश बमोजिम आर्थिक बर्ष २०८२/२०८३ को लागि लेखापरीक्षक श्री सि.ए. करन बहादुर विष्ट, K.B.B. & Associates वार्ड नं. १, काठमाडौंलाई नियुक्त गर्ने र निजको पारिश्रमिक रु. ३,००,०००।- (अक्षेरुपी रु. तीन लाख मात्र।) भ्याट बाहेक, प्रदान गर्ने प्रस्ताव सभापति महोदयबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

४) साधारण प्रस्ताव अन्तर्गत निर्धारित सूची नं. ३ अनुसार संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना बाँकी कार्यकालको लागि तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ (एक) जना आगामी ४ वर्षका लागि गरि ४ जना सञ्चालकको निर्वाचन गर्ने प्रस्तावको सम्वन्धमा सभापतिले सभामा निर्वाचन अधिकृत अधिवक्ता श्री पेशल कुमार लुईंटेललाई संस्थापक समूह तर्फबाट प्रतिनिधित्व गर्ने र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समूहका संचालकको निर्वाचन सम्बन्धी जानकारी दिन आग्रह गर्नु भयो। निर्वाचन अधिकृत श्री पेशल कुमार लुईंटेलले निर्वाचन कार्यक्रम सम्बन्धी विस्तृत जानकारीको सूचना कम्पनीको प्रधान कार्यालयमा टाँस गरी सोही बमोजिम निर्वाचनको कार्यक्रम अघि बढाइएको जानकारी दिँदै कम्पनीको संचालक पदमा संस्थापक शेयरधनी समूहबाट श्री डा. ध्रुव लाल पाण्डे, श्री दिपक तिवारी, श्री सरिता हुमागाईको मनोनयन पत्र दाखिल भएकोमा उहाँहरु निर्विरोध निर्वाचित हुनु भएको जानकारी गराउनु भयो। सर्वसाधारण शेयरधनी समूहबाट श्री मञ्जु भण्डारीको मात्र मनोनयन पत्र दाखिल भएकोमा उहाँ निर्विरोध निर्वाचित हुनु भएको जानकारी गराउनु भयो। संस्थापक शेयरधनीहरुको तर्फबाट निर्वाचित संचालक ज्यूहरु बाँकी कार्यकालको लागि र सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित एवं संचालक समितिको सिफारिश बमोजिम विज्ञ संचालकमा नियुक्त हुनुभएका संचालक श्री दिनेश लामा आगामी ४ वर्षका लागि कम्पनीको नियमावलीको नियम २७ (१) बमोजिम कम्पनीको संचालक पदमा निर्वाचित हुनु भएको घोषण गरी जानकारी गराउनु भयो।

५) निर्धारित विषय सूची नं. ख अनुसार विविध प्रस्ताव अन्तर्गत छलफलको विषय नभएको।

अन्त्यमा, सातौं वार्षिक साधारण सभालाई सफलता पूर्वक स-सम्पन्न गर्न सहयोग गर्नुहुने सम्बन्धित सबैलाई धन्यवाद दिनुहुँदै सभापतिज्यूले दिनको २:४५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो।